फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-१२/२०७९/८०

## मकै बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१३**

मन्थली नगरपालिकाबाट आ.व. २०७९/८० को संघीय सशर्त तर्फको खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८" बमोजिम खाद्यान्न बालीको उन्नत बीउ प्रयोगकर्ता कृषकलाई मूल्य अनुदान हुने व्यवस्था रहेकोले यस नगरपालिकाका कृषकहरुले व्यक्तिगत वा संस्थागत रुपमा आफूलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित मकै बालीको जात र परिमाण खुलाई यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०७९/११/०४ गते) भित्र देहायका आवश्यक कागजातहरु सहित सम्बन्धित वडा कार्यालय, कृषि सेवा केन्द्र र यस कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ।

**मकै बालीको सिफारिस जात र जातीय विवरणः**

| क्र.सं. | जात | सिफारिस वर्ष (बि.सं.) | पाक्ने दिन | उत्पादन क्षमता (मे.टन/हे.) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|---|
| १ | अरुण २ | २०३९ | ८०-९० | २.२ | तराई र मध्य पहाड |
| २ | रामपुर कम्पोजिट | २०३२ | ११०-११५ | ४.४ | तराई, भित्रीमधेश, बेंसी र मध्य पहाड |
| ३ | मनकामना ३ | २०५९ | १४२ | ५.५ | पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकासक्षेत्रका मध्य पहाडीक्षेत्र (१००० मिटर देखि १७०० मिटरसम्मको उचाइको लागि) |
| ४ | अरुण ४ | २०७२ | ११३-११५ | ४.२ | मध्य पश्चिमदेखि पूर्वको तराई, भित्री मधेस र मध्य पहाड। तराई र भित्रीमधेशमा हिउँदे र वसन्ते तथा मध्य पहाडमा गृष्म ऋतुमा खेती गर्न सकिने । |
| ५ | देउती | २०६३ | १३०-१३५ | ५.७ | मध्य पहाड |

**अनुदान विवरणः** निर्देशिका अनुसार कायम हुने मूल्यको ५० प्रतिशत अनुदान।

**आवश्यक कागजातहरुः**

१. कार्यक्रम माग गर्ने सम्बन्धी नगरपालिकाले तयार गरेको ढाँचा बमोजिमको निवेदन र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
२. मकै बाली लगाउने जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपि वा भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि।
३. संस्थाको हकमा स्थाई लेखा नं. र चालु आ.व. को कर चुक्ताको प्रतिलिपि।
४. कृषक समूह, संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
५. समूह/सहकारीको हकमा एकमुष्ट माग विवरण र संस्थागत निर्णयको प्रतिलिपि।
६. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा चालु आ.व. २०७८/७९ मा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
८. कृषकहरुले व्यक्तिगत रुपमा निवेदन पेश गर्दा बुँदा नं. ३, ४, ५ र ६ आवश्यक पर्ने छैन।

गोविन्द कुमार कटेल
शाखा अधिकृत

फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-१३/२०७९/८०

## मकै बालीको उन्नत बीउ आपूर्ति तथा वितरण सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति २०७९/१०/१३**

मन्थली नगरपालिकाबाट आ.व. २०७८/७९ को संघीय सशर्त तर्फको खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत यस नगरपालिकाको लागि तपसिल बमोजिमका मकै बालीको उन्नत बीउ आवश्यक परेको हुँदा बीउ आपूर्ति गर्न इच्छुक बीउ आपूर्तिकर्ता/उत्पादकहरुलाई देहायका आवश्यक कागजात सहित यो सूचना प्रकाशित मितिले १५ दिन (मिति २०७९/१०/२७ गते) भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सूचित गरिन्छ।

तपसिलः

१. बीउ आपूर्ति

| क्र.सं. | जातहरु | २ किलो पाकेटको दर रु. | ५ किलो पाकेटको दर रु. | आपूर्ति गर्न सक्ने अधिकतम परिमाण (किलो) |
|---|---|---|---|---|
| १ | रामपुर कम्पोजिट | | | |
| २ | अरुण-२ | | | |
| ३ | अरुण-४ | | | |
| ४ | देउती | | | |
| ५ | मनकामना-३ | | | |

२. आवश्यक कागजातहरुः

- बीउ आपूर्ति गर्ने सम्बन्धी निवेदन।
- बीउ बिजन परीक्षण प्रयोगशालाको परीक्षण प्रतिवेदनको प्रतिलिपि।
- कर चुक्ता, स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
- संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
- बीउ विक्रेता इजाजत पत्रको प्रतिलिपि।
- सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा चालु आ.व. २०७९/८० मा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि।
- प्रस्ताव पत्र अनिवार्य रुपमा खामबन्दी गरी पेश गर्नु पर्नेछ।

पुनश्चः बिद्युतीय बीउ बिजन व्यवस्थापन प्रणाली (डेसिस) मा सूचीकृतलाई प्राथमिकता दिइनेछ।

*थप जानकारीको लागि यस कार्यालयको कृषि विकास उपशाखा वा ०४८-५४०११२ मा सम्पर्क गर्न सक्नुहुनेछ।*

गोविन्द कुमार कटेल
शाखा अधिकृत